नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्याललेगरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-२६५ दायर मितिः-२०८१/१०/२५**

**फैसला मितिः-२०८१/११/१५**

**वादी**

**राम उपनेश प्रसाद यादवको जाहेरीले**

**नेपाल सरकार.........................१**

**प्रतिवादी**

**जिल्ला पर्सा बीरगंज महानगरपालिका वडा नं.१५ भेडियाही टोल बस्ने होरिल मेस्तरको छोरा वर्ष २८ को छोटेलाल मेस्तर........१**

प्रस्तुत मुद्दा यस कायालयका क्षत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**<u>तथ्य-खण्ड</u>**

१. प्रतिवादीले जाहेरवालालाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त.।

२. प्रतिवादीले जाहेरवालालाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

३. मैले जाहेरवालालाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।

४. जाहेरवालालाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका बिकाश खनाल समेतको घटनाविवरण कागज।

५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।

६. प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साविती बयान ।

७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।

८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**<u>ठहर-खण्ड</u>**

यसमा मिति २०८१।१०।०६ गते अं.१३:०० बजेको समयमा जिल्ला पर्सा बिरगंज महानगरपालिका वडा नं.०९ घण्टाघर भन्दा उत्तर पट्टी रहेको चोर बजार नजिकै मैले पार्किङ्ग गरी राखेको साईकललाई प्रतिवादी छोटेलाल मेस्तरले चलाई रहेको देखि मेरो साईकल किन चलाएको भनि सोधपुछ गर्दा निज प्रतिवादी उल्टै मलाई गाली गलौज गरी अभद्र व्यवहारको कसूर गरेको भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साविती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। यसरी प्रतिवादी छोटेलाल मेस्तरले जाहेरवालाको साईकल किन चलाएको भनि सोधपुछ गर्दा जाहेरवालालाई गाली गलौज गरी अभद्र व्यवहार गरेको तथ्य स्थापित हुन गएको देखिएको अवस्था समेतलाई बिश्लेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी छोटेलाल मेस्तरलाई कैद दिन २१, जरिवाना रु.५००/- अक्षेरपी पाँच सय र क्षतिपूर्ती शुल्क रु.२००/- मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**<u>तपसिल खण्ड</u>**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी छोटेलाल मेस्तरलाई ठहरेको कैद दिन २१ को हकमा निज मिति २०८१/१०/०६ देखि २०८१/१०/२६ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवाना तथा क्षतिपूर्ती शुल्कको हकमा र.नं.२१९/२०८१/१०/२८ दाखिला गरेको धरौटी रकम रु७०० बाट जरिवाना रकम रु.५००- र क्षतिपूर्ती शुल्क रु.२००/- कट्टी गर्नु------------------------------------------------------------------------------------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु-१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-----------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

**गणेश अर्याल**

**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ फाल्गुन महिना १५ गते विहीवार रोज ५/ ने.सं. ११४५ सिल्लागा चतुर्दशी, शुभम् ........